## महिला तथा अन्य हिंसा विरुद्धको निति

१) भूमिका

सहभागी संस्था लामो समय देखि महिला तथा अन्य सामाजिक हिंसाको बिषयमा कार्यगत अनुभव हासिल गरेको संस्था हो। राज्यले महिलालाई संवेदनसिल वर्गको रुपमा पहिचान गर्दै आएको छ। सहभागी संस्थाले महिला हिंसा बिरुद्ध शुन्य सहनशीलता नीति अवलम्बन गरेको छ। कार्यालयमा सुरक्षित भई काम गर्ने बातावरण सुनिश्चित गर्न कार्यालयमा हुने महिला तथा अन्य हिंसा बिरुद्धको नीति आवश्यक रहेको हुनाले संचालक समिति को निर्णय ले यो नीति तयार गरेको छ।

२) संस्थागत नीति

१. यस नीतिले संस्थाका कर्मचारी विच वा कर्मचारी र बाह्य व्यक्ति बीच हुने हिंसाको घटना उपर गर्नुपर्ने निष्पक्ष कारबाहीमा बिशेष जोड दिएकोछ।

२. महिलालाई कुनै पनि तवरले inferior देखाउने खालको टिप्पणी, मजाक वा ब्यवहारलाई कार्यालयले सहन गर्ने छैन। सो सम्बन्धमा कार्यालय प्रमुखले तुरन्त कार्यबाही गर्नु पर्नेछ।

३. इन्टरनेट वा सामाजिक संजालमा हुन सक्ने इन्टरनेट हिंसाका घटना देखिएमा सो सम्बन्धि प्रमाण कार्यालयले संकलन गरि सम्बन्धित निकाय वा कानुनी उपचारको लागि दिन गोप्य रेकर्ड राखेछ।

४. यौनजन्य आशयले शरिरको कुनै अंगमा छोएमा वा छुने प्रयास गरेमा, अश्लील तथा यौनजन्य क्रियाकलापसँग सम्बन्धीत शब्द-चित्र पत्रपत्रिका, श्रब्यदृश्य सूचनाप्रविधिको प्रयोग वा प्रदर्शन गरेमा, यौनजन्य क्रियाकलापको लागि प्रस्ताव गरेमा, यौनजन्य आशयले जिस्काएमा वा हैरानी पारेमा वा राज्यको प्रचलित कानुनको परिभाषा अनुसार को ब्यवहार गरेमा यौन हिंसा गरेको मानिनेछ।

५. कार्यालयमा हुने यौन जन्य हिंसाको घटनामा मौन रहन सक्ने अवस्थाको आउन नदिन सुरक्षित उजुरीको बातावरण तयार गरिनेछ।

६. कर्मचारी बीचमा हुने आपसी कलह, विवाद वा यस्तै प्रकृतिका घटनाले महिला उपर जोखिम बढाउन सक्ने हुनाले समाधानको बिकल्प खोज्न यथा शिघ्र जानकारी हुदा साथ कार्यालय प्रमुखले आफ्नो रोहवरमा छलफलको बातावरण तयार गर्नु पर्नेछ।

७. महिला हिंसाको घटनामा उजुरी लिन, छानबिन गर्न, शंकास्पद घटनाको अनुसन्धान गर्न, पिडितलाई हुन सक्ने मानसिक पिडा न्यूनीकरणको लागि परामर्श दिन तथा कानुनी प्रक्रिया अगाडी बढाउन ३ सदस्य "छानविन समिति" गठन गरिनेछ। सो छानविन समितिले महिला द्वारा पुरुष, महिला द्वारा महिला वा पुरुष द्वारा पुरुष उपर हुने हिंसामा पनि सोहि कार्य गर्नेछ।

८. हिंसामा संलग्न पीडक कर्मचारीलाई कसुरको मात्रा हेरी संचालक समितिले निश्चित समयको लागि निलम्बन वा नियुक्ति खारेजी गर्ने छ। जुन कुनै खालको कसुर भएता पनि पीडकले माफिपत्र लेखि १ प्रति कार्यालय र १ प्रति पिडितलाई दिनु पर्ने छ। दण्डनीय हिंसामा संलग्न पीडक उपर छानविन समितिले कानुनी उपचार खोज्न प्रक्रिया थाल्नेछ।

९. महिला हिंसा वा अन्य हिंसा लगायतका विषयमा विषय विज्ञ द्वारा कर्मचारीहरुको लागि चेतना अभिवृद्धि तालिम तथा पुनर्ताजगी तालिम प्रदान गराईनेछ।